# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

डोर मुकाम, कपिलवस्तु
अछाम

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


प.सं. : २०७६/०७७
च.नं.: 80

मिति :-२०७६/०९/१४

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यू,
विजयनगर गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
कपिलवस्तु ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७५।०७६ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७६।०९।१० मा छलफल पश्चात् तयार गरिएको पाना २२ (बाइस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्वआर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३५(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(विष्णु प्रसाद खनाल)
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं :- प्रतिवेदन संलग्न छ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
तौलिहवा,कपिलवस्तु :- प्रतिवेदन संलग्न छ ।

# आर्थिक कारोवारको संक्षिप्त स्थिति

| | पद | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| कार्यालय: विजयनगर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु । आर्थिक वर्ष: २०७५/०७६ | कार्यालय प्रमुख | प्र.प्र.अ.श्री रविन्द्र प्रसाद चौधरी | २०७५ श्रावण | २०७६ आषाढ मसान्त | ४७९१९३४९.२३ |
| | लेखा प्रमुख | ले.पा. श्री लक्ष्मण भट्टराई | २०७५ श्रावण | २०७५ चैत्र | ४७९१९३४९.२३ |
| | | ले.अ. खिम वहादुर सुवेदी | २०७६ वैशाख | २०७६ आषाढ मसान्त | |

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।०७६ आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि. नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | **गत वर्षको जिम्मेवारी** | | १३,५८५,५१९.८६ | १ | चालु खर्च | २०८९९१४३५.७२ | २०८९९१४३५.७२ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | २२४९३७३९०.९० | २२४९३७३९०.९० |
| | ख) बैंक | १३,५८५,५१९.८६ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | **राजस्व (आन्तरिक आय)** | | १०४,५८६,९९८.९१ | | | | |
| २ | क) आन्तरिक राजस्व | २७,९५९,०५८.०८ | | | क) ऋण भुक्तानी | | |
| | | | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७६,४२७,९४०.८३ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | २००,०००.०० | | ४ | लगानी | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २२२,१५४,६७४.२८ | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | ११५,७००,०००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १०६,४५४,६७४.२८ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | ३९५५३५५.०० | ३९५५३५५.०० |
| | घ) विशेष अनुदान | | | ६ | कोष खर्च | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १८८२६०००.०० | ७ | मौज्दात | | १०३२०५०७.४३ |
| | क)वित्तीय समानीकरण अनुदान | ४,५३६,०००.०० | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | ९,६००,०००.०० | | | ख) बैंक मौज्दात | १०३२०५०७.४३ | |
| | ग) समपूरक अनुदान | | | | बाँकी मध्ये | | |
| | घ) विशेष अनुदान मुख्यमन्त्रि ग्रा. वि. कार्यक्रम | ४,६९०,०००.०० | | | धरौटी | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | विनियोजन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ८०,६६७,१००.०० | ८०,६६७,१००.०० | | | | |
| १० | धरौटी आय | ८,३८४,३९६.०० | ८,३८४,३९६.०० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | - | | | | | |
| १२ | अन्य विविध आय | - | | | | | |
| | **जम्मा** | ४४८२०४६८९.०५ | ४४८२०४६८९.०५ | | **जम्मा** | ४४८२०४६८९.०५ | ४४८२०४६८९.०५ |

### लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन :

| दफा नं | भौचर नं, मिती र व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७६/०९/१० मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् । | | |
| | **स्थापना, उद्देश्य र कार्यक्षेत्र :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानिय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र श्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानिय तहमै उपलब्ध हुने श्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानिय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्न स्थानिय तहको मूख्य उद्देश्य रहेको छ । | | |
| | **वित्तिय लेखापरिक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् :** | | |
| १. | **प्रोदभावी लेखा :** गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्नेमा सो अनुसार लेखा राखेकाले वित्तिय विवरणले वास्तविक सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।अतः प्रोदभावी लेखाप्रणाली अबलम्बन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| २. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाइ कार्यक्रम तयार गर्नुपर्दछ । | | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, | | |

| | | | |
|---|---|---|---|
| | वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | | |
| ४. | **कर तथा आन्तरिक स्रोत :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५४ बमोजिम गाउँपालिकाको वित्तिय अधिकार क्षेत्रमा कानून बमोजिम वाहेक गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ । सोही ऐनको दफा १०२ मा गाउँपालिका आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष आन्तरिक आय रु.२७९५९०५८।०८ दस्तुर समेत कर असुली गरेको देखिन्छ । ऐन वनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर समेत असूल गर्नु कानून सम्मत देखिएन । अतः कानून बनाई असुल गर्ने परिपाटी विकसित गर्नुपर्दछ । | | |
| ५. | **योजना वनाई कार्यान्वयन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | | |
| ६. | **स्थानिय राजस्व परामर्श समिति :** स्थानिय सरकार संचालन ऐनको दफा ६५ बमोजिम गाउँपालिकामा राजस्व सम्वन्धी परामर्शको लागि स्थानिय राजस्व परामर्श समिति रहने व्यवस्था अन्तर्गत राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । सोही ऐनको दफा ६५(२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकेको देखियो । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगमी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्वन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | | |
| ७. | **स्रोत अनुमान र बजेट निर्धारण समिती** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा श्रोत अनुमान र वजेट निर्धारण समिति गठनको प्रावधान बमोजिम समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । त्यस्तै ऐनको दफा ६६(३) मा श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भएतापनि समिति गठन पश्चात ति समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | | |
| | **नियमिततातर्फको लेखापरिक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :** | | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |
| ९. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) | | |

| | | | |
|---|---|---|---|
| | बमोजिम गाउँपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः गाउँसभामा पेश गर्नुपर्दछ । | | |
| १०. | **नक्सा पास** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष नक्सा पास गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउने तर्फ पहल गरिनु पर्दछ । | | |
| ११. | **चौमासिक प्रगति** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन । | | |
| १२. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |
| १३. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ । | | |
| १४. | **आन्तरीक नियन्त्रण प्रर्णाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने र उपदफा ३ बमोजिम आन्तिरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नका लागि नगरप्रमुखले व्यवस्था मिलाउनुपर्ने उल्लेख गरेको भएतापनि आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरेको देखिएन । तसर्थ देहाय बमोजिमको व्यवस्थाद्धारा आन्तारिक नियन्त्रण एवं परिचालन गरिनुपर्दछ ।<br>• पुराना मालसमानको मूल्य नखुलेको,<br>• जिन्सी मालसमानको लिलाम/मर्मत नभएको<br>• पेश्की समयमा फछ्र्योट नगरेको<br>• उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>• वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८)<br>• सवारी साधनको लगबुक रीतपूर्वक नराखेको<br>कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | | |
| १५. | **आन्तरिक लेखापरीक्षण** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ को उपदफा २ बमोजिम स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण | | |

गराउनुपर्ने र उपदफा ३ मा आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले आ.व. २०७५।०७६ को आय व्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन । जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी आदेश गरेको वजेट उपशिर्षकको मात्र आन्तरिक लेखापरीक्षण गरेको देखियो । स्थानिय सरकार संचालन ऐन वमोजिम आय व्ययको वित्तीय विवरण तयार गरी गराई आन्तरिक लेखापरीक्षण गरेको देखिएन । तसर्थ कानुनले तोकेवमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

**कार्यक्रम/योजना संचालनको लेखापरिक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन् :**

१६. **लक्ष्य प्रगतिको स्थिति :** चौमासिक प्रगती विवरण पेश गरि समिक्षा गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार नगरेकाले प्रगति समिक्षा भएको देखिएन ।

१७. **सोझै खरिदः** सार्वजनिक खरिद नियामवली,२०६४ को नियम ८५ बमोजिम सार्वजनिक निकायले रु ५ लाखसम्मको मालसामान सोझै खरिद गर्नसक्ने र नियम ८४ बमोजिम रु ५ लाख भन्दा माथी रु २० लाख सम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न वडाहरुमा ह्युमपाईप जडान गर्न ११५ थान विभिन्न साइजका ह्युमपाईपहरु पटक पटक गरी रु.२४,२१,४०५.०० भुक्तानी गरेकोले खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धी नभएको साथै खरिद भएका ह्युमपाईपको जडानको प्राविधिक पुष्ट्याई समेत नगरी खर्च देखाएको रु. २४२१४०५.००

| भौ.नं, मिती | विवरण | आपुर्तकको नाम | रकम |
|---|---|---|---|
| ५०४/२०७६/३/३१ | NP3 ह्युमपाईप १९ थान | रम्भादेवी कंक्रिट इण्डष्ट्रीज प्रा.लि | २६५३१२.०० |
| | NP3 ह्युमपाईप २० थान | रम्भादेवी कंक्रिट इण्डष्ट्रीज प्रा.लि | ४५००००.०० |
| ४११/२०७६/३/३१ | NP3 ह्युमपाईप २५ थान | कपिलवस्तु कंक्रिट इण्डष्ट्रीज प्रा.लि | ४९५०००.०० |
| ४३९/२०७६/३/३१ | NP3 ह्युमपाईप १९ थान | कपिलवस्तु कंक्रिट इण्डष्ट्रीज प्रा.लि | ४८५९०६.०० |
| ५०६/२०७६/३/३१ | NP3 ह्युमपाईप १२ थान | कपिलवस्तु कंक्रिट इण्डष्ट्रीज प्रा.लि | २७५१८७.०० |
| ५०५/२०७६/३/३१ | NP3 ह्युमपाईप २० थान | रम्भादेवी कंक्रिट इण्डष्ट्रीज प्रा.लि | ४५००००.०० |
| जम्मा | | | २४२१४०५.०० |

१८. **तेस्रो पक्ष विमा :** ६५, ०७५।१२।१२ गाउँपालिका अध्यक्ष चढेको गाडीबाट मोटरसाइकल दुर्घटना भई चालक र सवारी साधन दुवैलाई क्षति पुगेको जनाई उपचार खर्चवापत रु.८०,०००।- र मोटरसाईकल मर्मत वापत रु.११,०००।- समेत रु.९१,०००।- भुक्तानी गरेकोमा तस्रो पक्ष विमा नगरेको कारणले क्षतिपूर्ति कार्यालयले व्यहोरेको देखिएको रु. ९१०००.००

१९. **अवण्डा वजेट :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ... वमोजिम कार्यपालिकाले वार्षिक योजना छनौट, कार्यान्वयन, वित्तिय र वजेट सहितको योजना तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्नुपर्ने र सभाले पारीत गरेको आधारमा वजेट कार्यान्वयन प्रक्रियामा गएको हुन्छ । तेस्रो गाउँसभाले अध्यक्ष र उपाध्यक्षको सिफारिसमा तत्काल सम्बोधन गर्न पूर्वाधार तथा सहयोग शिर्षकमा रु.५० लाख ११ हजार वजेट पारीत गरेकोमा चौथौ गाउँसभाबाट संशोधन गरी रु.४८ लाख ८६ हजार वजेट कायम गरेको देखियो । सभाले गाउँपालिका अध्यक्ष, उपाध्यक्षको सिफारीस अनुसार पूर्वाधारमा वजेट व्यवस्था गरी पारीत गरेको मध्यबाट सामुदायिक रेडियो कार्यक्रममा रु.२५ हजार, राँगो खरिदमा रु.३३ हजार, मगर संघ तथा छमछमी कला केन्द्रलाई रु.६० हजार, दूर्गा पूजा, विभिन्न व्यक्तिलाई आर्थिक सहयोग औषधि

उपचार र आर्थिक सहयोग, त्रिवेणी कोरीको उपचारमा एकै व्यक्तिलाई रु.१,५६,४४०।-, थारु संस्कृति एवं त्रिवेणी मेला आयोजकलाई रु.१,००,०००- भुक्तानी गरेको देखियो । यसरी सभाले वजेट पारीत गर्दा योजना/कार्यक्रम को प्राथमिकीकरण गरि छनौट गरी वजेट विनियोजन गर्नुपर्नेमा अध्यक्ष, उपाध्यक्षको सिफारिसमा कार्यान्वयन गर्ने गरी सभाबाट पारित गर्नु उपयुक्त देखिएन । स्थानिय सरकार संचालन ऐन वमोजिम योजना छनौट एवं वजेट पारीत गर्नुपर्दछ ।

१९.१. **वडागत वजेट बाँडफाँड :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम गाउँपालिकाले आर्थिक विकास तथा गरिवी निवारणमा योगदान पुग्ने, जीवनस्तर एवं रोजगारमा बृद्धि हुने, स्थानिय स्रोत साधन एवं सीपको प्रयोग हुने गरी गाउँपालिकाले मध्यम तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पालीकास्तरीय र वडास्तरीय योजना छनौट गरी कार्यान्वयन गरेको हुन्छ । गाउँपालिका अर्न्तगतका ७ वटा वडाहरुमा रु.५० लाखका दरले रु.३ करोड ५० लाख वजेट व्यवस्था गरेको देखियो । वडाको प्राथमिकता, आवश्यकता फरक हुने हुनाले सोही आधारमा वजेट वाँडफाँड गर्नुपर्नेमा नगरी वजेट विनियोजन गर्नु स्थानिय सरकार संचालन ऐन, २०७४ को उद्वेश्य अनुकुल देखिएन ।

२०. **समपूरक अनुदान :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० (५) वमोजिम समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ लागु गरेको छ । नेपाल सरकारले प्रदेश वा स्थानिय तहबाट कार्यान्वयन गरिने भौतिक पूर्वाधार का क्षेत्रहरु तोकि अनुदान दिने क्षेत्र कार्यविधिको दफा ३ मा उल्लेख गरेको छ । कार्यविधिको दफा ४ मा कार्यान्वयन गरिने आयोजना ०७५।७६ को मंसिर मसान्तभित्र प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था अनुसार प्रेसित कार्यक्रमको आधारमा निम्न वमोजिम कार्यक्रमहरु प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम स्वीकृत गरि पठाएको देखियो ।

| कार्यक्रमको नाम | आयोजनाको कुल लागत | लागत सहभागिताकोअंश | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | प्रतिशत | स्थानिय सरकार | प्रतिशत | उपभोक्ता समिति | प्रतिशत |
| विपन्न घर परिवारको खरको छाना विस्थापन कार्यक्रम | ४०३०७७२९ (बहुवर्षिय) | ३०००००० | ५० | ३०००००० | ५० | - | - |
| साना सिँचाई योजना | १५०१५१९९ (सालवसाली) | ७५००००० | ५० | ७५००००० | ४३ | १०१५१९९ | ७ |
| जम्मा | | १०५००००० | १०० | १०५००००० | ९३ | १०१५१९९ | ७ |

समपूरक अनुदान सम्वन्धी खर्चको विवरण निम्नानुसार छन् :

| आयोजना | कुल खर्च रकम | प्रदेश सरकार | गाउँपालिका | उपभोक्ता |
|---|---|---|---|---|
| स्यालोट्युवेल उपभोक्ता समिति मार्फत विभिन्न १३ आयोजना | १५९०३३४ | ७९५१६७ | ६३६१३४ | १५९०३३ |
| वाँध निर्माण, पोखरी/ताल संरक्षण लगायत विभिन्न ९ योजना | ५०८७९९१ | २५४३९९६ | २०३५१९६ | ५०८७९९ |
| वाँध निर्माणका ७ योजना | ५९३८२५८ | २९६९१२९ | २३७५३०३ | ५९३८२६ |
| खरको छानो | ३६६०६७० | १८३०३३५ | १८३०३३५ | ०.०० |
| कुल जम्मा | १६२७७२५३ | ८१३८६२७ | ६८७६९६८ | १२६१६५८ |

उपरोक्त अनुसार समपूरक अनुदानमा व्यवस्था भएको वजेटवाट प्रदेश सरकारको वजेटबाट रु.८१,३८,६२७- र गाउँपालिका वजेटबाट रु.६८,७६,९६८।- समेत रु.१,५०,२५,५९५।- खर्च गरेको देखिन्छ ।

२०.१. **समपूरक अनुदान माग एवं सोधभर्ना :** समपूरक अनुदान सम्वन्धि कार्यविधि, २०७५ को दफा ६ मा अनुदान स्थानिय तहबाट आयोजना/कार्यक्रममा भएको खर्चको सोधभर्नाको रुपमा प्रदेश मन्त्रालयले उपलब्ध गराउने र आयोजना कार्यक्रमको कार्यसम्पन्न भएपछि स्थानिय तहले कार्यसम्पन्न प्रतिवेदन सहित अन्तिम किस्ता निकासाको लागि मन्त्रालयमा लेखि पठाउने व्यवस्था छ । गाउँपालिकालाई योजना छनौट गरी प्रदेश आर्थिक मामिला तथा योजना

<table>
<tr><td></td><td>मन्त्रालयले २०७५।१०।२८ मा कार्यक्रम एवं श्रोत सुनिश्चितता गरेको अवस्थामा कार्यालयले समयमै योजना कार्यान्वयन नगरेवाट प्रदेश सरकारबाट सोधभर्ना लिनुपर्ने रु.८१३८६२७०० को सोधभर्ना प्राप्त गरेको देखिएन रु.</td><td>८१३८६२७.००</td><td></td></tr>
<tr><td>२०.२.</td><td>समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ९ मा समपूरक अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न नपाइने उल्लेख गरेको भएतापनि निम्नानुसार भौ.न. र मितिबाट खरको छाना विस्थापित गर्ने कार्यक्रम बाहेक उपभोक्ता समिति मार्फत गराई खर्च लेखेकोले कार्यविधि विपरीत खर्च गरेको देखियो ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४६१- ०७६/३/३१</td><td>विभिन्न ७ वटा उपभोक्ता समितिलाई भुक्तानी</td><td>५२५३२५८.००</td></tr>
<tr><td>५१८- ०७६/३/३१</td><td>विभिन्न ९ वटा उपभोक्ता समितिलाई भुक्तानी</td><td>४५७५९९१.००</td></tr>
<tr><td>४६०- ०७६/३/३१</td><td>विभिन्न १३ वटा उपभोक्ता समितिलाई भुक्तानी</td><td>१४१६४४५.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११२४५६९४.००</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>२१.</td><td>धार्मीक सहिष्णुता एकता चाय माथी चर्चा कार्यक्रमः इद, वडा दशै, होलि, वकर इद, कार्यक्रम को लागि रु.२ लाख वजेट व्यवस्था भएकोमा रु.१,११,०००।- विजय प्रकाश त्रिपाठी लाई भुक्तानी गरेको छ । पूँजिगत खर्च गर्नुपर्ने रकम यस प्रकारको कार्यक्रममा खर्च गर्ने गरि वजेट पारीत गर्नु स्थानिय सरकार संचालन ऐन, २०७४ विपरीत छ ।</td><td></td><td></td></tr>
<tr><td>२२.</td><td>इन्धन खर्चः– १९५, ०७६।२।२० गाउँपालिकाको भ्याकु लोडर, रोलर र ट्रेक्टर विभिन्न योजनाको काममा लगाउँदा खर्च भएको इन्धन बापत रु.३,९०,०७९।- भुक्तानी गरेको छ । विभिन्न मितिमा विभिन्न ठाउँमा काम गर्न गएकोमा प्राविधिकबाट कामको मुल्याङ्कन वेगर इन्धन खर्च गरेको रु.</td><td>३९००७९.००</td><td></td></tr>
<tr><td>२३.</td><td>अनुदान अनुगमनः भौ.नं. २००, ०७६।२।२१ निम्नानुसारका सहकारी संस्थालाई चालुकोष अनुदानबाट भुक्तानी रु.४,५०,०००।- दिएकोमा संस्था छनौटको आधार लिई एवं अनुदानको प्रगति विवरण लिनुपर्ने रु.
<table>
<tr><td>ज्ञानपुञ्ज महिला वचत तथा कृण सहकारी संस्था</td><td>२०००००.००</td></tr>
<tr><td>सिमाना महिला विकास वचत तथा कृण सहकारी संस्था</td><td>२५००००.००</td></tr>
<tr><td>जम्मा</td><td>४५००००.००</td></tr>
</table></td><td>४५००००.००</td><td></td></tr>
<tr><td>२४.</td><td>५० प्रतिशत मू.अ.कर कट्टा नगरेको : मूल्य अभिवृद्धि कर नियमवाली, २०५३ को दफा ६ (ग) ( एक्काइसौं संशोधन) बमोजिम २०७६ जेष्ठ १५ गतेदेखि सरकारी निकायले ठेक्का सम्झौता वा करार अर्न्तगत आपुर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्वन्धित ठेकेदार वा आपुर्तीकर्ता लाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ.कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित आन्तरिक राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र आपूर्तकलाई भुक्तानी गर्नुपर्ने उल्लेख गरेको छ । निम्नानुसार गोश्वारा भौचर र मितिबाट मु.अ.कर बापत ५० प्रतिशत कार्यालयले कट्टी गरी भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी गरेकोले ५० प्रतिशत मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>ठेकेदारको नाम</th><th>मू.अ.कर सहितको भुक्तानी रकम</th><th>मू.अ.कर रकम</th><th>५० प्रतिशत रकम</th></tr>
<tr><td>४२४-०७६/३/३१</td><td>गुडविल इन्जिनियरिङ्ग, चितवन</td><td>४९७२००.००</td><td>५७२००.००</td><td>२८६००.००</td></tr>
<tr><td>४८०-०७६/३/३१</td><td>समिम कन्स्ट्रक्सन</td><td>३३९४२०.००</td><td>३९०४८.००</td><td>१९५२४.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४८१२४.००</td></tr>
</table></td><td>४८१२४.००</td><td></td></tr>
<tr><td>२५.</td><td>चालु प्रकृतिको खर्च पूँजिगत बाट गरेकोः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०६४ बमोजिम चालु प्रकृतिको खर्च पूँजीगतबाट गर्न नमिल्ने उल्लेख छ । भौ.नं.४२२, ०७६।३।३१ सामजिक सूरक्षा डाटा इन्ट्री गरेवापतको खर्च लक्ष्मण घिमिरेलाई रु.२,३८,७००।- भुक्तानी गरेको छ । चालु प्रकृतिको खर्च पूँजीगतबाट गरेको, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ विपरीत देखिएको रु.</td><td>२३८७००.००</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | **सहायता प्राप्त गर्नेः** कार्यालयले विकास निर्माणको कार्यक्रम संचालन गर्न पूँजीगत खर्च गर्नुपर्दछ । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा निम्न बमोजिमका आर्थिक सहायता वितरण बापतको खर्च गरेको देखियो । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड एवं कार्यविधि तर्जुमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । | | |

| सहायता प्राप्त गर्ने संस्था | रकम |
|---|---|
| नेपाल ट्रेड युनियन महासंघ, जिफन्ट | ३००००.०० |
| नौमति थारु | ११०००.०० |
| जि.टि. आर ल्याव | २१०००.०० |
| राम प्रसाद तेली | २१०००.०० |
| दुर्गा देवी पूवाकल्प | २१०००.०० |
| छेदनि थारु | २१०००.०० |
| धनपाती थारु | ११०००.०० |
| जम्मा | १३६०००.०० |

| | | | |
|---|---|---|---|
| २७. | **पूर्वनिर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा निर्माण व्यावसायीले कारण खुलाई म्याद थपको लागिथ निवेदन दिनुपर्ने र कारण मनासिब भएमा म्याद थप गर्न सकिने व्यवस्था छ । भौ.नं.४७९, २०७६।०३।३१ गणेशपुर परसोहिया ढोढरी मानपुर सडक स्तरोन्नति  गर्नको लागि निर्माण व्यावसायी समिम कन्स्ट्रक्सनसँग मू.अ.कर समेत रु.८०७५१७८।६५ मा २०७६ जेष्ठ मसान्तसम्म काम सम्पन्न गर्ने गरि २०७५।१२।२६ मा सम्झौता गरेको देखिन्छ । निर्माण व्यावसायीले काम सम्पन्न गर्नुपर्ने मिति२०७६।०२।३० मा मिति २०७६।०३।१५ सम्म प्राविधिक कारणले काम नगरेको उल्लेख गरेको देखियो । कार्यालयले म्याद थपको निर्णय गरेको देखिएन । अन्तिम बिल बापत रु.७२३५९१९।०० भुक्तानी गरेको देखिन्छ । काम सम्पन्न भइ अन्तिम बिल भुक्तानीको निवेदन नदेखिएको २०७६।०३।३१ मा बिल बिजक जारी गरेकोले २०७६।०२।३० देखि २०७६।०३।२१ सम्म २१ दिनको सम्झौता बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति रु.८४७८९।०० (८०७५१७८।६५X०.०५X२१ दिन) असूल गर्नुपर्ने रु. | ८४७८९.०० | |
| २८. | **सीप परीक्षण प्रमाणपत्र बेगर तालिम प्रदानः** | | |
| २८.१. | **कम्प्युटर तालिमः** भौ.न.३९७, ०७६।३।२९ वाट सृजनशिल यूवा क्लवले कम्प्युटर सम्बन्धी तालिम दिए वापत रु.२,००,०००।- भुक्तानी गरेको छ । सृजनशिल यूवा क्लवले कम्प्युटर सम्बन्धी तालिम प्रदान गर्न सक्ने क्षमता एवं सिप भएको प्रमाण पत्र पेश वेगर एवं संस्था छनौट एवं तालिम प्रदान गर्ने क्षमता प्रमाणित वेगर तालीम संचालन गर्न दिएकोले संस्थाको सिप परीक्षण प्रमाण नभएकोले तालीम प्रभावकारी हुन सक्ने नदेखिएको रु. | २०००००.०० | |
| २८.२. | **सेनेटरी प्याड तालिमः** भौ.नं.४००, ०७६।३।२९ वाट वडा नं. ५ सृजनशिल युवा क्लवलाई किशोरीलाई सेनेटरी प्याड वनाउने तालीम दिएकोमा सिप परीक्षण प्रमाण पत्र नभएको रु. | २०००००.०० | |
| २८.३. | **कम्पयुटर तालिम** : भौ.नं. १५८, ०७६।२।६ सृजनशिल यूवाक्लवलाई वडा नं. ४ को कम्प्युटर आधारभुत तालीम वापत रु.१,००,०००।- दिएकोमा संस्था छनौट एवं सिप प्रमाण पत्र नरहेको कम्प्युटर शिक्षक अनवर चौधरीलाई ६०,०००।- भुक्तानी गरेकोमा सिप प्रमाण पेश नभएको साथै संस्था छनौटको आधार नभएको रु. | १०००००.०० | |
| २८.४. | **सिलाई कटाइ तालिमः** भौ.नं. १५१, ०७६।२।६ वडा नं. ४ का महिला सिलाई कटाई तालीम श्रृजनशिल यूवा क्लवलाई रु.३,००,०००।- भुक्तानी गरेकोमा भुक्तानी गरेकोमा संस्था छनौटको आधार एवं तालिम प्रदायक संस्थाको उक्त तालिमको सीप सिकाउने सक्षमता प्रमाणित गर्ने कागजात बेगर तालिम दिएकोमा तालिम प्रदान गर्ने सीप प्रमाणपत्र पेश नभएको रु. | ३०००००.०० | |

| | | | |
|---|---|---|---|
| २८.५. | भौ.नं. १३८, ०७६।१।३० वडा नं. ६ श्रृजनशिल यूवा क्लवलाई रु.३,००,०००।- भुक्तानी गरेकोमा भुक्तानी गरेको रु. | | |
| २९. | **पिपरी वर्थिङ्ग सेन्टर र वहुउद्धेश्यीय सभाहल (ठे.नं. ११।०७५।७६) :** तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत पिपरी वर्थिङ्ग सेन्टर र वहुउद्धेश्यीय सभाहल निर्माण गर्नको लागि मु.अ.कर र कन्टीन्जेन्सी वाहेक रु.९४,९२,०४५।६७ को लागत अनुमान भएको रहेछ । निर्माण यवसायी ब्रेभ कन्स्ट्रक्सन सँग मु.अ.कर वाहेक रु.७३,६९,४१४।६७ सम्झौता अंक कायम भई २०७६।३।१० सम्ममा काम सम्पन्न गर्ने गरी २०७५।१२।२५ मा कार्यादेश दिएको देखियो । हालसम्म २ वटा रनिङ्ग विलबाट मु.अ.कर सहित रु.३७,१६,२७५।- अर्थात सम्झौता रकमको ४४.४३ प्रतिशत मात्र खर्च गरेको देखियो । भौतिक प्रगति खुलाएको देखिएन । उक्त सभाहल निर्माण सम्पन्न गर्नुपर्ने २०७६।३।१० सम्मको म्याद सम्पन्न भैसकेकोमा अन्तिम विल निर्माण व्यवसायीले पेश नगरेको र कार्यालयले म्याद थप सम्बन्धमा कुनै कारवाही गरेको देखिएन । | | |
| ३०. | **गणेशपूर वर्थिङ्ग सेन्टर र डगइई मदरसा निर्माण (ठे.नं. १०।०७५।७६) :** तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत उक्त निर्माण कार्य गर्नको लागि रु.१,२९,४८,८१४।८१ मु.अ.कर समेतको लागत अनुमान भएको रहेछ । २०७६।३।१० सम्ममा काम सम्पन्न गर्ने गरी निर्माण व्यवसायी ब्रेभ कन्स्ट्रक्सन सँग रु.१,०५,६४,७९२.०० (मु.अ.कर सहित) मा सम्झौता अंक कायम भएको देखियो । उक्त निर्माण कार्य समेतको अन्तिम विल नआएको र म्याद थपको कारवाही समेत नभएकोले निर्माण कार्य अधुरो नै रहेको छ । | | |
| ३१. | **खेल मैदान निर्माण :** प्रदेश सशर्त अनुदानतर्फ गाउँपालिकाको वडा नं. ४ शंकरपूरमा खेल मैदान निर्माणको लागि प्रदेश सरकारबाट शसर्त अनुदानमा रु.३६ लाख वजेट व्यवस्था गरेको देखियो । उक्त कार्य उपभोक्ता समितिबाट गराउने गरी रु.३८,८३,७५०।४० को लागत अनुमान गरी गाउँपालिकाले रु.३६,००,०००।- र उपभोक्ताले व्यहोर्ने रु.२,८३,७५०।४० अर्थात ७.३१ प्रतिशत व्यहोर्ने गरी सम्झौता गरेको देखियो । पेश भएको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.३५,२८,७९३।३५ को कार्य गरेको मध्येबाट कार्यालयले जनसहभागिता वापत रु.२,७९,३६०।-, कन्टीन्जेन्सी कट्टा रु.१,०८,०००।- अग्रीम कर रु.५४,०००।- समेत जम्मा रु.४,४१,३६०।- कट्टा गरी रु.३०,८७,४३३।३५ उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा रु.३१,५८,६४०।- रु.७१,२०६।६५ बढी भुक्तानी गरेको रकम दाखिला गर्नुपर्ने रु | ७१२०६.६५ | |
| ३२. | **जस्तापाता खरिद तथा वितरण :** प्रदेश सरकार शसर्त अनुदानमा विपन्न घर परिवारको खरको छानो विस्थापित कार्यक्रममा प्रदेश सरकारबाट रु.३० लाख र स्थानिय तहले रु.३० लाख समेत रु.६० लाख वजेट व्यवस्था गरेको देखियो । उक्त वजेटबाट २५१ जस्तापाताको लागि रु.३२,८८,६५०।९५ (मु.अ.कर बाहेक) लागत अनुमान गरि वोलपत्रद्धारा खरिद गर्न छनौट भएका शिशिर एण्ड सुवोध सप्लायर्सको मु.अ.कर सहित रु.३६,६०,६७०।६० को वोलपत्र स्वीकृत गरेको देखियो । जस्तापाता खरिद गर्न फुसको छाना भएको घरको लगत संकलन गरि सोही आधारमा खरिद परिमाण एकिन गर्नुपर्नेमा सो नगरी २५१ वण्डल जस्तापाता र त्यसमा लाग्ने किला, काँटा तथा अन्य सामानको लागत अनुमान तयार गरेकोले लागत अनुमान भरपर्दो देखिएन । लगत संकलनको आधारमा खरिद गरी वितरण गर्नुपर्नेमा लगत नरहेको र विवरण समेत गरेको रितपूर्वकको वितरण भरपाई पेश नगरेकोले वजेट खर्चको प्रतिफल प्राप्ती एवं कार्यक्रमको प्रभावकारीता नरहेको रु. | ३६६०६७०.६० | |
| ३३. | **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ५ प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार विजयनगर गाउँपालिकाले देहायबमोजिम रु. १८०८६२२०.००।- सुविधा बापत भुक्तानी गरेको छ । | | |

| सि.नं. | विवरण | प्रमुख मासिक | उपप्रमुख मासिक | वडाअध्यक्ष १० जना मासिक | कार्यपालिका सदस्य ६ जना मासिक | सभाका सदस्य ३५ जना मासिक | जम्मा बार्षिक |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक सुविधा | ३०००० | २७००० | २०००० | २०००० | ७००० | ५८२००००.०० |
| २ | खाजा भत्ता | १५००० | १२००० | १०००० | | | ११६४००००.०० |
| ३ | इन्धन | ९३५० | ५६१० | ४६७५ | | | ५७२२२०.०० |
| ४ | पत्रपत्रिका | ७५० | ६०० | ४५० | | | ५४०००.०० |
| जम्मा | | | | | | | १८०८६२२०.०० |

३४. **बैठक भत्ताः** प्रदेश नं. ५ अन्तर्गतका स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा, कार्यपालिका, वडा समिति, स्थानीय तहको कुनै पनि समिति र उपसमितिको बैठकमा भाग लिएको दिन अनूसुचि १ बमोजिमको बैठक भत्ता पाउने उल्लेख छ । मासिक सुविधा पाउने पदाधिकारी बाहेकले बैठक भत्ता पाउने उल्लेख गरेको भएतापनि मासिक सुविधा पाएका पदाधिकारी तथा कर्मचारीहरुले निम्न गोश्वारा भौचरहरुबाट रु.२९२७७७०।०० बैठक भत्ता खर्च लेखेको देखियो । ऐनले तोकेको भत्ता सुविधा दिन नमिल्ने हुनाले यस किसिमको खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| भौ.नं. र मिति | बैठक भत्ता |
|---|---|
| २६९,२०७६./०१/३० | ४८००००.०० |
| २७५,२०७६/०१/३० | २१४९००.०० |
| ३०८,२०७६/०३/०८ | १२६०००.०० |
| ३०८,२०७६/०३/०८ | १०१५००.०० |
| ३१६,२०७६/०३/१३ | ४४३८००.०० |
| ३२५,२०७६/०३/१७ | १४२८००.०० |
| ३३९,२०७६/०३/३० | १८४८७०.०० |
| ३४०,२०७६/०३/३० | १४०७००.०० |
| ३४१,२०७६/०३/३० | १९६७००.०० |
| ३४२,२०७६/०३/३० | २८४२००.०० |
| ३४३,२०७६/०३/३० | २४०८००.०० |
| ३४४,२०७६/०३/३० | ८१९००.०० |
| ३६५,२०७६/०३/३१ | २९९६००.०० |
| जम्मा | २७२२८७०.०० |

३५. **दोहोरो बैठक भत्ताः** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४(२) मा सभा, समिति, उपसमितिको बैठक एकै दिन बसेकोमा कुनै एउटा बैठकको मात्र भत्ता पाउने उल्लेख भएतापनि एकै दिन कार्यपालिका, समिति, उपसमितिको बैठक बस्दा पटक पटकको बैठकभत्ता लिएको देखियो । उक्त बैठकहरुमा अध्यक्ष र उपाध्यक्ष लगायतले बैडक भत्ता लिएको छ । निम्न मितिहरुमा १४ दिन विभिन्न समिति लगायत कार्यपालिकाको बैठक ३४ वटा बसेकोमा अध्यक्ष श्री गोपालबहादुर थापा मगर र उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरीले १४ वटा को दैनिक रु.७००।०० ले रु.९८००।०० मात्र पाउनेमा ३४ वटाको रु.२३८००।०० भुक्तानी लिएको देखियो । अतः अध्यक्ष तथा उपाध्यक्षलाई ऐनमा उल्लेख गरिएको भन्दा बढि भत्ता दिएको पाउने भन्दा बढि रु.१४०००।०० मा पारिश्रमिक १५ प्रतिशत अग्रिम कर कट्टा गरिसकेपछिको रकम रु.११९००।०० असूल गर्नुपर्ने देखिएको छ । साथै उक्त मितिमा अन्य पदाधिकारी तथा कर्मचारी समेतले पटक पटक भत्ता

बुझेको हिसाब गरि सो समेत असूल हुनुपर्ने रु. २३८००.००

| भौ.नं. र मिति | मिति | बैठक समिति | संख्या |
|---|---|---|---|
| ३१६, ३४१, ३४३, १३७ | २०७५.०४.११ | राजश्व समिति, विधेयक समिति | २ |
| | २०७५.०५.११ | राजश्व समिति, विधेयक समिति, कार्यपालिका | ३ |
| | २०७५.०५.२८ | राजश्व समिति, विधेयक समिति कार्यपालिका | ३ |
| | २०७५.०६.२१ | बातावरण यवस्थापन समिति, न्यायिक समिति | ३ |
| | २०७५.०७.०६ | राजश्व समिति, विधेयक समिति, कार्यपालिका | ३ |
| | २०७५.०७.०९ | राजश्वसमिति, बातावरण व्यवस्थापन समिति | २ |
| | २०७५.०८.१० | राजश्व समिति, विधेयक समिति | २ |
| | २०७५.०८.१९ | राजश्व समिति, कार्यपालिका, न्यायिक समिति | ३ |
| | २०७५.०९.१९ | राजश्व समिति, कार्यपालिका, न्यायिक समिति | ३ |
| | २०७५.१०.०९ | कार्यपालिका, राजश्व समिति, सिफारिस समिति | ३ |
| | २०७५.०९.१८ | राजश्व समिति, सिफारिस समिति | २ |
| | २०७५.०२.२९ | कार्यपालिका, स्रोत अनुमान समिति | २ |
| | २०७५.११.२१ | सामाजिक विकास समिति, कार्यपालिका | २ |
| | २०७६.०१.२७ | कार्यपालिका, राजश्व समिति | २ |
| बैठक भत्ता बुझेको संख्या | | | ३४ |

३६. **एकैदिन दोहोरो भत्ताः** भौ.नं.१४४,२०७६।१२।१९ गाउंपालिका अन्तर्गत विभिन्न वडाहरुबाट योजनाहरु माग भएकोले भौतिक पूर्वाधारका योजनाहरुको प्रारम्भिक सम्भाव्यता अध्ययन अवस्था तथा औचित्यहरुको अवस्था प्रारम्भिक सम्भाव्यता अध्ययन गरेको भनि मिति २०७५।०५।२३, २०७५रा०८।०५, २०७५।०८।०९, २०७५।०८।१२, २०७५।०९।१२ गरि ५ दिन अनुगमनको चेक लिष्ट ११ वटा तयार गरी ११ वटाको अनुगमन भत्ता खर्च रु.९४०००।०० खर्च लेखेकोले एकै दिनको पटक पटक अनुगमन भत्ता लिएको हुंदा ५ दिनको बाहेक अन्य दिनको असूल गर्नुपर्ने रु. ४९०००.००

| पदाधिकारी र कर्मचारीको नाम | बुझेको | पाउनुपर्ने | असूल गर्नुपर्ने |
|---|---|---|---|
| प्र.प्र.अ.रविन्द्रप्रसाद चौधरी | ११०००.०० | ५००००.०० | ६०००.०० |
| कोष नियन्त्रक पुष्प पन्थी | ११०००.०० | ५०००.०० | ६०००.०० |
| लेखापाल लक्ष्मण भट्टराई | ११०००.०० | ५००००.०० | ६०००.०० |
| ईन्जिनियरप्रदिपकुमार चौधरी | ११०००.०० | ५००००.०० | ६०००.०० |
| आ. ले.प. होमेश पौडेल | ९०००.०० | ५००००.०० | ४०००.०० |
| स.इ. राजेन्द्र प्रसाद मौर्य | ११०००.०० | ५००००.०० | ६०००.०० |
| स.इ.कमल प्रसाद अर्याल | ११०००.०० | ५००००.०० | ६०००.०० |
| अ.स.इ.कृष्णकुमार चौधरी | ११०००.०० | ५००००.०० | ६०००.०० |
| स.क.अ.रवि प्रताप यादव | ८०००.०० | ५००००.०० | ३०००.०० |
| जम्मा | | | ४९०००.०० |

३७. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा खदि गर्दा लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली २०६४ मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी रु.५०००००।०० भन्दा बढि रकमको एक पटक भन्दा बढि सोझै खरिद गर्न नसकिने उल्लेख छ कार्यालयले निम्न आपूर्तिकर्तासंग पटक पटक रु.५०००००।०० भन्दा बढि रकमको खरिद गरेकोले खर्च नियमित नदेखिएको रु. १५९१५४०.००

| भौ.नं. र मिति | आपूर्तिकताको नाम | बिल नं. र मिति | रकम |
|---|---|---|---|
| ५२, २०७५.१२.०६ | न्यू बाबा प्रिन्टर्स एण्ड जनरल अर्डर सप्लायर्स | १२-२०७५.०६.११ | १४९७९२.०० |
| | | १७ २०७५.०६.२१ | ३४७४७५.०० |
| | | १९, २०७५.०६.२३ | २२६०००.०० |
| | | २१, २०७५.०६.२५ | १५३८४९.०० |
| जम्मा | | | ८७७११६.०० |
